म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २०१ २०८० जेठ ३२ गते बिहीबार 15 June 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-




# २९६ जनाले प्राथमिक शिक्षकको नियुक्ति लिए



*जिल्ला शिक्षा समितिका प्रमुख ललितबहादुर घलानबाट नियुक्तिपत्र बुझ्नुहुँदै आयोगको परीक्षामा सफल एक उम्मेदवार ।*

समाज संवाददाता

हेटौँडाः शिक्षक सेवा आयोगको परीक्षामा सहभागी भई उत्तीर्ण भएका ३ सय ४ जनामध्ये २ सय ९६ जनाले प्राथमिक तहको शिक्षकको रुपमा नियुक्ति लिएका छन् । आयोगको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारलाई शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले हेटौँडामा बुधबार एक समारोहका बीच नियुक्तिपत्र वितरण गरेको छ । परीक्षामा सफल भएका मध्ये ८ जना बुधबार अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय इकाईकी अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो ।

बुधबार नियुक्तिपत्र नबुझेका ८ जनालाई कार्यालयमै नियुक्ति पत्र वितरण गरिने ढकालले स्पष्ट पार्नुभएको छ । मकवानपुर जिल्लाका लागि प्राथमिक तहमा ३ सय ३५ जना शिक्षक नियुक्तिका लागि आयोगले परीक्षा लिए पनि ३ सय ४ जना मात्रै परीक्षामा उत्तीर्ण भएका थिए । यसअघि गत चैत २० गते नै नियुक्ति पत्र वितरण गर्ने तयारी गरे पनि चैत १४ गते नै सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेपछि नियुक्तिको प्रक्रिया रोकिएको थियो । आयोगको परीक्षामा सहभागी परीक्षार्थी सावित्री सञ्जेललाई आयोगले अयोग्य घोषित गर्दै नियुक्त गर्न नसक्ने जनाएपछि सञ्जेलले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । खुला र महिलातर्फ परीक्षा दिनुभएकी सञ्जेलको रिट निवेदनको सुनुवाई गर्दै सर्वोच्चले खुला र महिलाबाहेकलाई नियुक्ति दिन अन्तरिम आदेश दिएको थियो ।

सर्वोच्चको अन्तरिम आदेशपछि खुला र महिलातर्फ सफल अन्य उम्मेदवारले एउटै परीक्षामा उत्तीर्ण उम्मेदवारहरु फरक फरक मितिमा नियुक्त हुँदा आफूहरु प्रभावित हुने भन्दै उच्च अदालत पाटन हेटौँडा इजलासमा नियुक्तिको प्रक्रिया रोक्न माग गर्दै रिट निवेदन दर्ता गरेका थिए । रिट निवेदनमाथि सुनुवाई गर्दै उच्च अदालतले चैत १९ गते नियुक्तिको प्रक्रिया रोक्न अन्तरिम आदेश दिएको थियो ।

जेठ २४ गते सर्वोच्च अदालतले सावित्री सञ्जेलले दर्ता गरेको मुद्दा खारेज गर्ने निर्णय गऱ्यो । सर्वोच्चले मुद्दा खारेज गरेसँगै उच्च अदालत पाटन हेटौँडा इजलासमा दर्ता गरेको मुद्दा फिर्ता लिएसँगै करिब अढाई महिनापछि प्राथमिक तहका शिक्षकले नियुक्तिपत्र बुझ्न पाएका हुन् । बुधबार शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमको अध्यक्षता तथा जिल्ला शिक्षा समितिका अध्यक्ष एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यमा नियुक्तिपत्र वितरण गरिएको हो । नियुक्तिपत्र वितरणपछि इकाई प्रमुख गौतमले प्राथमिक तहमा नियुक्त शिक्षकहरुलाई सपथ गराउनुभएको थियो ।

नियुक्तिपत्र बुझेका शिक्षक अब सम्बन्धित पालिकामा सम्पर्क गरी विद्यालयमा पुग्नेछन् । आयोगबाट प्राप्त विवरणअनुसार इकाईले पालिकागत नियुक्तिपत्र वितरण गरेको छ । पालिकामा पुगेपछि सफल उम्मेदवारको वरियताक्रमअनुसार विद्यालय छनोटको अवसर प्राप्त हुन्छ ।

हेटौँडा उपमहानगरपालिकामा २० जना, थाहा नगरपालिकामा ३७ जना, भीमफेदी गाउँपालिकामा २४ जना, बागमती गाउँपालिकामा ३३ जना, कैलाश गाउँपालिकामा ४५ जना, बकैया गाउँपालिकामा ३६ जना, मनहरी गाउँपालिकामा २३ जना, राक्सिराङ गाउँपालिकामा ४० जना, इन्द्रसरोवर गाउँपालिकामा २१ र मकवानपुरगढी गाउँपालिकामा २५ जनालाई नियुक्त गरिएको छ ।

## मकवानपुरमा प्लान नेपालको २७ वर्ष

# नियमित कार्यक्रम अन्त्यको घोषणा

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लामा २७ वर्ष काम गरेको अन्तर्राष्ट्रिय दातृ संस्था प्लान इन्टरनेशनल नेपालले मकवानपुर जिल्लामा आफ्नो नियमित कामको अन्त्य भएको घोषणा गरेको छ । २०५३ सालदेखि बाल संरक्षण, बाल सुरक्षा, महिला सशक्तीकरणको क्षेत्रमा काम गर्न सुरु गरेको प्लान इन्टरनेशनल नेपालले बुधबार बिहान हेटौँडामा एक कार्यक्रमका बीच आफ्नो नियमित कार्यक्रमहरु अन्त्य भएको घोषणा गरेको हो । आकस्मिक अवस्थामा पुनः आवश्यक काम गर्न सक्ने योजना रहेको उल्लेख गर्दै प्लानले नियमित कार्यक्रमको भने अन्त्य भएको घोषणा गरेको छ ।

प्लान इन्टरनेशनल नेपालका निर्देशक राम किसनको अध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । प्लानले स्थानीय गैससँगको साझेदारीमा वार्षिक करोडौं रुपैयाँ बराबरका योजना कार्यान्वयन गर्दै आएको थियो । बालसंरक्षण, बालअधिकार र सशक्तीकरण, महिला सशक्तीकरण, विद्यालयको भौतिक पूर्वाधार, शैक्षिक सुधार, विद्यार्थी सहयोगका कार्यक्रम सञ्चालन गर्दै आएको थियो । स्वास्थ्य र खानेपानीको क्षेत्रमा पनि काम गरेको प्लानले स्थानीय गैससँगको सहकार्यमा राज्यका निकायलाई जिम्मेवार बनाउन पैरवी समेत गर्दै आएको थियो ।

स्थानीय साझेदार संस्था सामुदायिक विकास संस्था नेपालका कार्यक्रम संयोजक अर्जुन खड्का प्लानको अनुपस्थितिमा बालसंरक्षण, विद्यालयको भौतिक एवम् शैक्षिक सुधारको क्षेत्रमा ठूलो अभावको स्थिति निम्तिन सक्ने बताउनुभएको छ । बुधबारको कार्यक्रममा मकवानपुरका विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुखको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा, बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे स्याङ्तान लामा, उपाध्यक्ष मानकुमारी नेपाली, मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार लामिछाने, इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्लानको सहयोगमा सञ्चालित योजना तथा कार्यक्रमको बारेमा जानकारी समेत गराइएको थियो । प्लानले मकवानपुरको भीमफेदी गाउँपालिकामा वर्षाको पानी संकलनबारे महाचुनी माध्यमिक विद्यालयका शिक्षकलाई तालिम दिएको, प्रारम्भिक बालविकासको सुरुवातमा सहयोग गरेको, विद्यालय भवन निर्माण र अपाङ्गता भएका विद्यार्थीका लागि भौतिक पूर्वाधार उपलब्ध गराउने र हिंसारहित आचारसंहिताको विकास, पाठ्यक्रम विकास, लैंगिक रुपान्तरणका कार्यक्रमहरु गरेको उल्लेख गरेको थियो । यस्तै, विद्यालयको मर्मतसम्भार, नमुना कक्षाकोठाहरू निर्माण गरिएको, ९९६ प्रायोजित बालबालिकालाई झोलासहित स्टेशनरी सामग्री उपलब्ध गराएको, हिंसा प्रभावित तथा जोखिममा रहेका बालबालिकाको परिवारलाई सहयोग गरिएको बताइएको छ ।

विद्यालयको बाल संरक्षण नीति निर्माणमा सहयोग गरेको, प्लान परिवार का सदस्यहरुको अभिभावकलाई बाल संरक्षण र प्लान इन्टरनेशनल नेपालको बाल संरक्षण नीतिको बारेमा अभिमुखीकरण गरिएको, बाल क्लब गठनमा सहयोग तथा क्षमता विकासमा सहयोग, १६ वटा खानेपानी योजना निर्माण/मर्मत र खानेपानी योजना सञ्चालन एवम् मर्मत सम्बन्धी उपभोक्ता समितिलाई तालिम, खुला दिसामुक्त अभियानमा सहजीकरण गरिएको प्लानले उल्लेख गरेको छ ।

# करेन्ट लागेर बकैयामा दुईजनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको बकैया गाउँपालिकामा करेन्ट लागेर बुधबार दुईजनाको मृत्यु भएको छ ।

बकैया-८, तल्लो वीरेफाँटमा मकैबारीमा लत्रिएको विजुलीको नाङ्गो तारलाई पोल गाडेर उठाउने प्रयास गर्ने क्रममा ६० वर्षीय खर्क बहादुर थिङ र ५० वर्षीय पूर्णबहादुर लोको घटनास्थलमै मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ । तार उठाउनका लागि पोल गाड्न भनी फलामको खन्तीले खाल्डो खन्ने क्रममा नाङ्गो तारमा छोएर करेन्ट लागेको प्रहरीले उल्लेख गरेको छ ।

बकैया गाउँपालिकास्थित प्रहरी चौकी हात्तीसुडेका इन्चार्ज प्रहरी सहायक निरीक्षक कृष्ण गौतमका अनुसार मंगलबार रातीको हावाहुरीले ११ हजार भोल्टको विद्युतको तार लत्रिएको देखेपछि स्थानीयले लत्रिएको तारलाई पोल राखेर उठाउने प्रयास गरेका थिए । मंगलबार राती १२ बजेदेखि नै विद्युत अवरुद्ध भएको अवस्थामा स्थानीयले पोल गाड्ने प्रयास गर्न लाग्दा करेन्ट लागेको गौतमको भनाइ छ ।

# हेटौँडामा बालविवाह रोकियो

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१० मा हुन लागेको एकजोडीको बालविवाह रोकिएको छ । २५ गते विवाह हुन लागेको जानकारीपछि वडाको पहलमा बालविवाह रोकिएको हो ।

हेटौँडा-१० का बालमैत्री वडा सहजकर्ता सविता बिष्टका अनुसार विवाह हुन लागेको उक्त दिन बालविवाह रोकिएको छ । हेटौँडा-१० का १७ वर्षीय बालिका र १९ वर्षीय बालकबीच हुन लागेको विवाह रोकिएको हो । गत वर्ष भागी विवाह गरिसकेको बताइएको छ । बालिका पक्षको अभिभावकको सहमति नभएपछि हिन्दू परम्पराअनुसार विवाह हुन सकेको थिएन ।

भोजभतेर तयारी गरिसकेको अवस्थामा अभिभावकको सहमतिमा हुन लागेको विवाह रोकिएको जानकारी बिष्टले दिनुभयो । दुबै पक्षको अभिभावकको सहमतिपछि २० वर्ष पुगेपछि मात्र विवाह गरिने भएको छ । बालमैत्री स्थानीय शासन घोषणा अवलम्बनका लागि बालविवाह रोक्ने प्रयास भइरहेको छ ।

# रामेश्वर मन्दिर नजिक राउत मृत फेला

समाज संवाददाता

**हेटौँडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-३, शान्तिटोलमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा चितवन नगरपालिका-१३, बैरिया बस्ने ६५ वर्षीय जियन राउत रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।**

**राउत मंगलबार रामेश्वर मन्दिर नजिक मृत फेला परेका थिए । शव पोष्टमार्टमपश्चात् आफन्तले बुझी लगेको प्रहरीले जनाएको छ ।**

# ५४ लाखको सुनसहित एकजना पक्राउ



समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले ५४ लाख मूल्य बराबरको ५६१ दशमलव ३० ग्राम सुनसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बीरगंज महानगर पालिक-१६ का २२ वर्षीय किशन साह रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । बुधबार बिहान साढे ३ बजेको समयमा सूचनाको आधारमा प्रहरीले हेटौँडा-१५, स्थित प्रहरी चेक पोष्टमा काठमाडौंबाट आउँदै गरेको प्रदेश २-०३-००१ ख ०१५९ नम्बरको यात्रुबाहक बसमा आएका साहको साथमा सुन फेला परेको प्रहरीले जनाएको छ ।

साहको शरीर तथा झोलाको सुरक्षा जाँच गर्दा उसले लगाएको जुत्ताको नोक भित्र ३ थान सुन फेला परेको हो । बरामद गरिएको सुनको मुल्य ५४ लाख ४८ हजार रुपैयाँ रहेको छ । सुनसहित साहलाई पक्राउ गरी अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ । यस्तै मकवानपुर प्रहरीले मंगलबार राती साढे १० बजेको समयमा हेटौँडा-१५ स्थित चेकपोष्टबाट एक लाख रुपैयाँ बराबरको अवैध कपडा बरामद गरेको छ । बीरगंजबाट पोखरातर्फ जाँदै गरेको ग २ ख ६९२ नम्बरको यात्रुबाहक बसमा सुरक्षाजाँच गर्ने क्रममा अबैध कपडा बरामद भएको प्रहरीले जनाएको छ । बसको डिक्कीभित्र लुकाई छिपाई ल्याएको अवस्थामा साडी १ सय पिस, सल ६ सय पिस गरी १ लाख ५ हजार रुपैयाँ बराबरको कपडा बरामद भएको प्रहरीले जनाएको छ । अबैध कपडा बरामद गरी थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# प्रहरीको स्मार्ट कन्ट्रोल रुम



समाज संवाददाता

हेटौँडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरमा स्मार्ट कन्ट्रोल रुमको उद्घाटन भएको छ । बुधबार बिहान जिल्ला प्रहरी कार्यालयमा मकवानपुरका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक बामदेब गौतमले स्मार्ट कन्ट्रोल रुमको उद्घाटन गर्नुभएको हो । स्मार्ट कन्ट्रोल रुमको उद्घाटन गर्नुहुँदै गौतमले पीडितको सम्बोधन तुरुन्तै गर्न सकिने दावी गर्नुभयो ।

पीडितले फोनबाट जानकारी टिपाएको आधारमा कन्ट्रोल एपमा जानकारी भरी तुरुन्तै प्रहरी खटाउने कार्य हुने उहाँको भनाइ छ । यसअघि काठमाडौंमा मात्र स्मार्ट कन्ट्रोल रुम थियो । "प्रहरीको १०० मा फोन गर्दा पहिले एक जनाले मात्र फोन गर्न मिल्थ्यो भने अहिले ४ जनाले फोन गर्न मिल्छ ।" गौतमले भन्नुभयो । हेटौँडा बजारक्षेत्रमा ३ सय वटा सिसि क्यामराको आवश्यकता रहेकोमा अहिले २८ वटा मात्रै सिसि क्यामरा रहेको प्रहरी प्रमुख गौतमले बताउनुभएको छ ।

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टपेन्ट



शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

# सम्पादकीय

## सहकारीको समस्या निराकरण

'सबैका लागि एक, एकका लागि सबै' भन्ने अवधारणाबाट विकास भएको सहकारी नेपालमा पनि निकै फस्टाएको छ । न्यून आय भएका र ग्रामीण क्षेत्रका मानिसहरुका लागि सहकारी निकै सहयोगी बनिरहेको छ । विशेषत: ग्रामीण क्षेत्रको गरिबी न्यूनीकरणमा सहकारीले योगदान दिँदै आएको छ । समुदायका स-साना बचतहरुलाई स्थानीय तहमा नै जम्मा गरी आवश्यक परेका बखत सरल प्रक्रियाबाट ऋण दिने कार्यले न्यून आयस्तर भएका तथा बैंकिङ क्षेत्रको पहुँच बाहिरका व्यक्ति र समुदाय सहकारीबाट प्रत्यक्ष लाभान्वित भएका छन् । आम नागरिकको जीवनस्तर सुधार गर्न सहकारीको भूमिका अग्रणी छ । सहकारीको संख्यात्मक वृद्धिसँगै बेलाबेलामा विभिन्न विकृतिहरु देखा पर्ने गरेको छ । नेपाली अर्थतन्त्रको एक मेरुदण्डको रुपमा विकास भइरहेको सहकारीहरुले उद्देश्यअनुरुप काम नगर्दा सहकारीप्रति आम नागरिक पूर्ण विश्वस्त बन्न सकिरहेका छैनन् । कतिपय सहकारीको कार्यशैली पारदर्शी र प्रभावकारी नहुँदा साधारण सदस्यहरु पीडित बन्नु परिरहेको छ ।

केही सहकारी बदमास देखिएका कारण त्यसको परिणाम सबै सहकारीले भोग्नुपरेकोमा सहकारीकर्मी चिन्तित बनेका छन् । बागमती प्रदेश सहकारी विकास बोर्डको आयोजनामा सहकारी क्षेत्रमा देखिएका समस्या र निराकरण विषयक प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठीमा पनि सहकारीमा देखिएको समस्याप्रति चिन्ता व्यक्त गरिएको छ । केही सहकारीका सञ्चालकको बदमासीका कारण राम्रोसँग सञ्चालन भइरहेका र वास्तविक सहकारीलाई समस्या भइरहेको छ । गोष्ठीमा सहकारी क्षेत्रमा देखिएका समस्या र त्यसको निराकरणका विषयमा छलफल गरेर सहकारीको समस्या निराकरणका लागि ९ बुँदे हेटौंडा प्रतिबद्धतापत्रसमेत सार्वजनिक गरिएको छ । सहकारीमार्फत् गरिबी न्यूनीकरण तथा सदस्यहरुको आर्थिक उन्नति गर्नेतर्फ जोड दिनुपर्ने सहकारीकर्मीको धारणा छ । बचत तथा ऋणको कारोबार गर्ने केही सहकारीमा देखिएका समस्यालाई गोष्ठीमा उजागर गरिएको थियो । बागमती प्रदेशमा रहेका १० हजारभन्दा बढी सहकारी संघसंस्थामध्ये वित्तीय कारोबार गर्ने ५५ प्रतिशत, बहुउद्देश्यीय २० प्रतिशत, कृषि/पशुपालन २० प्रतिशत र अन्य ५ प्रतिशत छन् । सहकारीका ७३ लाख सदस्यमध्ये बागमतीमा ३५ प्रतिशतभन्दा बढी सदस्य छन् । महिला सदस्य ५६ प्रतिशत, पुरुष सदस्य ४४ प्रतिशत सहकारीमा आबद्ध रहेको बताइएको छ । कुल जनसंख्याको करिब ३२ प्रतिशत मानिस सहकारी संस्थामा आबद्ध छन् ।

नेपालमा २०१४ साल चैत २० गते चितवनको बखानपुर (हाल शारदानगर)मा पहिलो सहकारी खुलेका मानिन्छ । पञ्चायती शासनकालसम्म सहकारीको विकास निकै मन्द गतिमा भएको भए पनि २०४६ सालको परिवर्तनपश्चात् सहकारीको विकास निकै तीब्र गतिमा भएको पाइन्छ । सरकारले २०४८ सालमा सहकारी ऐन र २०४९ सालमा सहकारी नियमावली ल्याएपछि सहकारी स्थापनाको क्रम निकै तीब्र बन्यो । अहिले देशभर बचत तथा ऋण सहरकारीको संख्या अत्यधिक देखिएको छ । यस्तै, बहुउद्देश्यीय, कृषि, दुग्ध, उपभोक्तालगायत विभिन्न उद्देश्यले स्थापित सहकारीको संख्या पनि उल्लेख्य छ ।

सहकारीबाट आम नेपालीले धेरै फाइदा लिइरहेको भए पनि कतिपय सहकारीका सञ्चालक तथा कर्मचारीले बद्मासी गरिदिएको कारण सर्वसाधारणको लगानी डुबेको छ भने कतिपयको लगानी सङ्कटमा परेको छ । नेपाली अर्थतन्त्रको एउटा प्रमुख आधार बन्दै गएको सहकारीको उचित नियमन, व्यवस्थापन र समस्या निराकरण अनिवार्य बनिरहेको छ । जीवीकोपार्जन, न्यून जीवनस्तरमा सुधार र गरिबी न्यूनीकरणलाई विशेष महत्व दिएर सहकारी सुरु भएका हुन् । सहकारीबाट धेरैले फाइदा लिएको भए पनि केही सहकारीले सहकारीको मूल्य मान्यताविपरित काम गरेर सर्वसाधारणलाई पीडा पनि दिएका छन् । आर्थिक, सामाजिक विकासका लागि ठूलो सम्भावना बोकेका सहकारीमा व्यथिति र विकृति बढ्न नदिऔं । सबै सरोकार निकाय एकजुट भई सहकारीका विद्यमान समस्या समाधानमा गम्भीर देखिनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यापार-व्यवसायका कामहरु मध्यमकारक होलान् । |
| वृष | : स्वाभिमानमा प्रश्न उठ्न सक्ने योग देखिन्छ । |
| मिथुन | : दुर्घटना र चोटपटकको भय बन्ने छ । |
| कर्कट | : कामकाजमा अवरोध भने हट्ने समय छैन । |
| सिंह | : परिश्रम र संघर्षले जीवन व्यतित होला । |
| कन्या | : कार्यक्षमतामा प्रश्न चिन्ह आउन सक्ने योग छ । |
| तुला | : शैक्षिक क्षेत्रका काममा खास उपलब्धी नहोला । |
| वृश्चिक | : पेट सम्बन्धी समस्याले सताउने योग छ । |
| धनु | : अध्ययन-अध्यापनमा पनि सफलता प्राप्त होला । |
| मकर | : पढाइ-लेखाइ मध्यमकारक रहने समय छ । |
| कुम्भ | : मानसिक तनाव बढ्ने समय योग छ । |
| मीन | : व्यापार- व्यवसाय मध्यमकारक रहने समय छ । |

# नेपालमा युवाहरुको अवस्था : एक विवेचना



**बिमल केशरी पौड्याल**

संसारका प्राय : सबै जसो देशहरुमा सर्वाङ्गिण विकासको लागि युवाहरुको महत्वपूर्ण भूमिका हुन्छ । नेपालमा पनि राजनैतिक, शैक्षिक तथा सामाजिक परिवर्तनमा युवाहरुको ठुलो भूमिका रही आएको छ । राणाकाल तथा पञ्चायतकाल को बेला युवाहरुको नेतृत्वमा नेपाली कांग्रेस र कमुनिस्ट पार्टीको स्थापना र विस्तार हुँदै राजनैतिक, शैक्षिक तथा आर्थिक परिवर्तनका मुद्दाहरुमा केन्द्रित रहेर आन्दोलन भएको र जनतामा व्यापक जागरण र चेतनाको विस्तार भएको इतिहास हाम्रो सामुन्ने छ। २०३६ सालको विद्यार्थी आन्दोलन नेपालको इतिहासमा एउटा कोसे ढुंगा हो ! तर, २०७२ को संविधान पछि प्राप्त गणतान्त्रिक नेपालमा युवाहरुको भूमिका र स्थिति कस्तो छ, यसबारे चर्चा गर्नु आवश्यक छ । ठुला राजनैतिक दलहरुको अकर्मन्यता, नेताहरुको वरिपरि रमाउने चाकरीबाज गुट, देशभित्र रोजगारीको अभाव, लथालिङ्ग शैक्षिक अवस्था र अनिश्चित भविष्य-नेपालका युवाहरुले भोग्नुपरेको वास्तविकता हो । स्थिति यति कहालीलाग्दो छ कि सानो काम गराउन अथवा प्राप्त गर्न पनि ठुला राजनैतिक दल अथवा तिनका नेताहरुको आशिर्वाद पाउनु पर्छ। स्रोत, शिप, साधन र शिक्षाका आधारमा युवाहरुलाई निम्न भागमा विभाजित गर्न सकिन्छ ।

**१ उच्च तथा मध्यम वर्ग:**

यो वर्गका युवाहरु प्राय बोर्डिंग स्कूलमा हुर्केका र १२ को परिक्षा सकेर विदेशमा (अस्ट्रेलिया, अमेरिका, क्यानाडा, इंगलैंड आदि) पढ्नको लागि आफ्नै खर्चमा वा छात्रवृतिमा जान अत्यन्तै उत्साहित हुन्छन (पारिवारिक वातावरणले पनि उत्साह थपिदिन्छ) र प्राय उतै घरजम गर्छन र नेपाल फर्कदैनन ।

**२ निम्न मध्यम वर्ग:**

यो वर्गका युवाहरु परिवारको आर्थिक परिस्थिति र घर, परिवार चलाउनु पर्ने बाध्यताले गर्दा खाडी मुलुकहरु (कतार, साउदी अरब, कुवेत तथा मलेशिया) मा आफ्नो पसिना बगाउन जान्छन र त्यहाँबाट आर्जन गरेको रकमबाट घर बनाउने, घडेरी किन्ने जस्ता कार्यहरु गर्छन ।

**३ न्यून आय भएको वर्ग:**

आफ्नो परिवारको लागि काम गर्नु पर्ने बाध्यता रहेको र देशमा रोजगारीको अवसर नभएकोले यो वर्गका युवाहरु प्राय जसो भारतमा काम गर्न जान्छन । नेपालको सुदुरपश्चिमका जिल्लाहरुबाट उल्लेखनीय रुपमा युवाहरु भारत पस्ने गर्छन ।

**४ स्वदेशमै रहेका युवाहरु:**

नेपालका विभिन्न शिक्षण संस्थामा अध्ययनरत युवाहरु, सरकारी, अर्ध-सरकारी लगायत विभिन्न एनजीओ, आइएनजियोमा कार्यरत, निजि संस्थाहरुमा कार्यरत र विभिन्न कार्यमा संग्लग्नहरु (तरकारी, फलफुल खेति, आफ्नो व्यवसाय संचालन आदि । देशमा रहेको यो युवा समुहले नै नेपालको सामाजिक, आर्थिक, सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । तर, विडम्वना के छ भने यो समुहको ठुलो हिस्सा पनि ठुला राजनैतिक दलका भातृ संस्थासँग आबद्ध छ र दलहरुको निर्देशन अनुसार काम गर्छ । देशको समस्या वेरोजगारी, सरकारी विद्यालयहरुको कम्जोर स्थिति, उच्च शिक्षाको वेथिति, सरकारी अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमा औषधि तथा डाक्टर, नर्सको अभाव, भ्रष्टाचारले गाँजिएको समाज- यस्ता मुद्दाहरुमा केन्द्रित भै आन्दोलन गर्ने, सम्बन्धित निकायलाई दवाव सृजना गर्नु पर्ने दायित्व बोकेको युवा वर्ग पेट्रोलियम पदार्थमा मुल्य वृद्धि हुँदा चक्का जाम गर्ने र विरोध प्रदर्शन गर्नमै सिमित छ। अमेरिकाको मिलेनियम च्यालेन्ज कोर्पोरेसन (एमसीसी) बारे विभिन्न विरोध कार्यक्रममा पटक पटक सहभागिता जनाएको युवा वर्ग देशको वस्तुगत समस्याहरुमा मौन साधेर आत्मरतिमा नै रमाएको छ । सरकारी तथ्यांक अनुसार वर्षको ६ लाख अर्थात महिनाको ५० हजार युवा श्रमिक विदेशी रोजगारीमा जान्छन ।

देशमा बग्रेल्ती खुलेका म्यानपावर कम्पनि र हाम्रो शिक्षा प्रणालीले देशमा उत्पादित वस्तुहरुको सट्टा मानव श्रोतलाई निर्यात गर्ने कार्यलाई प्रोत्साहन गर्छ । राजनैतिक पार्टीहरुको सत्तामा जाने खेल र सत्ता संचालनमा सशक्त प्रतिरोध न आओस भन्ने उद्देश्यको लागि युवाहरुको ठुलो पंक्तिलाई विदेश निर्यात गर्नु पर्ने थियो र बाँकी स्वदेशमा भएकाहरुलाई पनि राजनैतिक पार्टीहरुको भातृ संगठनहरुमा आबद्ध गराएर नेतृत्व विरोधी स्वरलाई साम्य पर्ने खेल खेलिएको छ ।

यो षड्यन्त्रकारी खेललाई बेलैमा चिनेर यसको विरुद्ध ससक्त आवाज उठाउन अहिलेको युवा वर्गको काँधमा आएको एतिहासिक दायित्व हो । देशका जल्दाबल्दा समस्याको बारेमा ससक्त रुपले आवाज उठाउन र कार्यान्वयनमा पहल गराउन सचेत युवाहरु अगाडी आउन अब एकदमै जरुरि भएको छ ।

(लेखक बौद्दिक मंच मकवानपुर हेटौडाका अध्यक्ष हुनुहुन्छ)

# देव-मानवको सपना र सभ्यता विनाशको सन्त्रास



**मोहन तिम्सिना**




कृत्रिम बौद्धिकता (एआई) अहिले चर्चाको विषय बनेको छ । विशेषगरी च्याट-जीपीटी जस्ता प्रविधिले 'चमत्कार' गर्न थालेपछि प्रविधि-विमर्शले प्राथमिकता पाएको हो। हिजोसम्म प्रविधिले मानिसका गणितीय प्रश्नहरूको उत्तर दिन्थ्यो । पछिल्लो समयका प्रविधिले अगणितीय प्रश्नको पनि उत्तर दिन थाले । यसैले मानिसहरूलाई तरंगित बनाएको हो ।

यो विषयलाई लिएर विद्वान्हरू अनेक अनुमान र टिप्पणी गर्न थालेका छन् । टिप्पणीहरूमा सुखद सपना पनि बाँडिएको छ भने साथसाथै डरलाग्दो सन्त्रास पनि ।

कोही, अब मानिसले मस्तिष्कमा चिप्स राखेर एलियनसँग कुरा गर्छ भन्दैछन् । कोही अब मानिस देवता बन्छ भन्दैछन् । कोही कुनै दिन एआईले मानव जातिलाई नै सखाप पार्छ भन्दैछन् ।

अगणितीय प्रविधिको उपस्थिति पछि हाम्रो सभ्यतामा के-कस्ता अवसर र चुनौती थपिए ? यो आजको अहं सवाल हो । यी प्रश्नमा आजको मानव जातिले गम्भीर भएर सोच्नुपर्ने हो । तर विद्वान्हरुका 'भविष्यवाणी' मा यथार्थ कम, भावुकता बढी देखिन्छ ।

आगामी दिनमा यो जगतमा जे हुन्छ, त्यो प्रविधिका कारणले होइन, मानिसका सोच र चिन्तनका कारणले हुनेवाला छ । त्यसैले यो अनुचित सपना र सन्त्रास बाँड्ने बेला होइन, मानवीय सोच र मूल्यमान्यता माथि पुनर्विचार गर्ने बेला हो ।

### प्रविधि क्रान्ति

यन्त्र/प्रविधि हिजो पनि थिए । हिजोका प्रविधिले पनि मानवीय मस्तिष्कले गर्ने काम, कुनै न कुनै तरिकाले गरेकै थिए । जस्तो कि क्याल्कुलेटर । सन् १६२३ मै क्याल्कुलेटरको प्रारम्भिक आविष्कार भएको थियो । चारवटा विधा (जोड, घटाउ, गुणन, भाग) मा काम गर्न सक्ने मेकानिकल क्याल्कुलेटरको व्यावसायिक प्रयोग सन् १८२० बाट भएको हो । इलेक्ट्रोनिक क्याल्कुलेटर चाहिं पहिलोपल्ट सन् १९६१ मा बनेको मानिन्छ ।

इलेक्ट्रोनिक कम्प्युटरको प्रारम्भिक निर्माण सन् १९४१ तिरै भए पनि व्यावसायिक डिजिटल कम्प्युटर चाहिं सन् १९५० वरि परिबाट सुरु भएको मानिएको छ ।

सुरुवाती दिनमा यी सबै प्रविधि गणितीय नै थिए । जब सूचना-प्रविधिमा क्रान्ति आयो, तब मात्र यिनीहरुको चरित्र बदलियो । सूचनाप्रविधिको क्रान्तिले सूचना/ज्ञान भण्डारणमा सजिलो भयो । तब बल्ल यन्त्रहरुले अगणितीय काम गर्न थाले ।

भौतिक विज्ञानको क्रान्तिले सूक्ष्म पदार्थ (इलेक्ट्रोन) पत्ता लगायो, यसबाट इलेक्ट्रोनिक प्रविधि (सफ्टवेयर) जन्मियो । इलेक्ट्रोनको अगणितीय गतिलाई उपयोग गर्दा सूचनाका 'डिजिटल-भण्डार' निर्माण भए । संसारभरका अथाह बौद्धिक सूचना/ज्ञान एउटा मामुली चिप्समा 'डिजिटलाइज' भए ।

ज्ञानको 'डिजिटल-भण्डार' लाई मानवीय उद्देश्य अनुसार अगणितीय वेगमै विश्लेषण र प्रशोधन गर्दा नतिजालाई गुण र चित्रमा पनि देखाउन सम्भव भयो । तब प्रविधिले गणितीयबाट अगणितीयमा फड्को मार्‍यो ।

अगणितीय प्रविधि (नन्-लिनियर टेक्नोलोजी) को विशेषता नै यही हो कि यसले गणितीय र अगणितीय दुवै प्रकारका सूचना संग्रह गर्दछ। सञ्चालकको निर्देश अनुसार सूचनाहरूको तीव्र वेगमा विश्लेषण र प्रशोधन गर्दै परिणामलाई अंक र गुण दुवैमा अभिव्यक्त गर्दछ ।

अहिलेको च्याट-जीपीटी यस्तै मध्येको एक हो । यो कुनै नयाँ प्रविधि होइन । कम्प्युटर आधारित 'नन-लिनियर गणित' लगभग चार दशक अघि नै आएको हो । अपराध अनुसन्धानको क्षेत्रमा सूचना निर्देशका आधारमा व्यक्तिको संभावित अनुहार बनाउने प्रविधि पनि लगभग त्यही बेलादेखि प्रचलित हो ।

च्याट-जीपीटीको खूबी के हो भने त्यसका निर्माताले धेरैभन्दा धेरै सूचना भण्डारण गरेका छन्। त्यसकारण तिनीहरुको यन्त्रले बहुविषयमा काम गर्न सक्छ । जटिल जस्ता लाग्ने अगणितीय काम पनि गरेर देखाउँछ । जस्तो कि कविता लेख्ने, चित्र कोर्ने, गीत गाउने आदि ।

### यन्त्र/प्रविधिको सीमा

मानिसको चेतनाका दुई आयाम छन् । पहिलो, भौतिक आयाम । यसभित्र इन्द्रीय, मन र बुद्धि पर्दछन् । दोस्रो, अभौतिक आयाम । यसलाई आत्मिक आयाम पनि भनिन्छ। यसभित्र स्वसिर्जना र स्वसंचालन गर्न सक्ने जीवनको खूबी पर्दछ । व्यक्तिको निजत्व पनि यही आयामभित्र पर्दछ ।

यन्त्रको खूबी यत्ति हो कि मानिसको चेतनाको भौतिक आयामले जे गर्न सक्छ, त्यो यन्त्रहरूले तीव्र वेगमा गर्न सक्छन् । जस्तो कि ! गाडी, हवाईजहाज, हाम्रै खुट्टाको विस्तार हो। बन्दुक, हाम्रै हातको विस्तार हो। दुर्बिन, हाम्रै आँखाको विस्तार हो । कम्प्युटर, हाम्रै मस्तिष्क (मन) को विस्तार हो । पछिल्लो एआई पनि हाम्रै मस्तिष्क (मन) को विस्तार हो ।

जतिसुकै चामत्कारिक यन्त्र/प्रविधि होस्, यन्त्रले जीवनको अभौतिक आयामको खूबी देखाउन सक्दैन । यही नै यन्त्रको सीमा हो । जस्तो कि, यन्त्रले जीवन सिर्जना गर्न सक्दैन । निर्जीवलाई सजीव बनाउन सक्दैन। स्वसंचालित हुन सक्दैन। आफ्नो निजत्व सिर्जना गर्न सक्दैन । व्यक्तिको निजत्वसँग सम्बन्धित प्रश्नको उत्तर दिन पनि सक्दैन ।

जस्तो कि, कुनै व्यक्तिको रगत परीक्षण गरेर यन्त्रले उसको वंश इतिहास बताइदिनसक्छ । यहाँसम्म कि व्यक्तिले झुट बोलेको कुरा पनि मस्तिष्कको परीक्षण गरेर पत्ता लगाउन सक्छ । कारण, यो चेतनाको भौतिक आयामसँग सम्बन्धित विषय नै हो ।

तर कुनै व्यक्तिभित्र कस्तो खूबी छ ? यो यन्त्रले बताउन सक्दैन । जस्तो कि कुनै बालक भविष्यमा संगीतकार, खेलाडी बन्छ कि दार्शनिक ? यो यन्त्रले बताउन सक्दैन । कारण, यो मानवीय चेतनाको अभौतिक आयाम -निजत्व) सँग सम्बन्धित विषय हो। जतिसुकै चामत्कारिक प्रविधि आओस्, यस्ता विषय यन्त्रले समाधान गर्न सक्दैन ।

### मानिसको गुण

प्राय: हामी भन्छौं, व्यक्तिले प्रविधि जन्मायो । तर यो भाष्य गलत छ । व्यक्तिले प्रविधि र प्रविधिले व्यक्ति जन्माएको पनि होइन । आदिम युगमा 'व्यक्ति' पनि र 'प्रविधि' पनि थिएन । केवल जीव-जनावर र जंगल थियो ।

जुन दिन अमूक प्रजातिको जनावर (बाँदर) मा खास भौतिक वस्तुलाई खास उद्देश्यमा उपयोग गर्ने बुद्धिगत क्षमता पैदा भयो तब व्यक्ति-प्रविधि संयुक्त जन्मिए । भलै त्यो प्रविधि आगो बाल्ने सीप मात्र किन नहोस् ।

बाँदरबाट व्यक्ति-प्रविधि पैदा भएको परिघटना डार्बिन वा एंगेल्सहरूले भने

...बाँकी पृष्ठ ३ मा

# “उपमहानगरको केन्द्रमै धेरै समस्या छ”

हेटौंडा उपमहानगरपालिकाले आगामी मंसिर महिनाभित्र बालमैत्री पालिका घोषणाको तयारी गर्दैछ । बालमैत्री पालिका घोषणाको तयारीका क्रममा उपमहानगरले विविध क्रियाकलाप गर्दै आएको छ । केहीदिनयता श्रममा रहेका बालबालिकाको उद्दार गर्ने, अवैधरुपमा बालबालिकालाई श्रममा लगाउने रोजगारदातालाई कारवाही गर्ने काममा उपमहानगर सक्रिय भइरहेको छ । बालमैत्री पालिका घोषणाको तयारीमा रहेको हेटौंडा उपमहानगरपालिकाको बालमैत्री नगर सहजकर्ता सपना ढुंगानासँग समाज संवाददाता सुमिना चौलागाईले गर्नुभएको कुराकानीको सम्पादित अंशः


सपना ढुंगाना
बालमैत्री नगर सहजकर्ता

***समाजः हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री पालिका घोषणाको तयारी कुन चरणमा पुग्यो ?***

**ढुंगाना**: कुनै पनि निकायलाई वा स्थानीय पालिकालाई बालमैत्री घोषणा गर्नका लागि कार्यविधि अनुसार मुख्यतः पाँचवटा चरणहरु हुने गर्दछन् । हामीहरु पूर्व तयारी र तयारीको चरणमा छौं । अहिलेलाई भन्नु पर्दा हामी पहिलो चरणका छौं ।

***समाजः सुरुको तयारी अवस्थामा भन्दा अहिलेको अवस्थामा के फरक छ ?***

**ढुंगाना**: बालमैत्री स्थानीय शासन भनेको के हो भन्ने कुरा यसको अवधारणा जनतासामु नपुगेको अवस्था थियो । अहिले बालमैत्री स्थानीय शासन अबलम्वन हुँदैछ । यस विषयमा हामीहरु पनि जानकार हुनपर्छ भन्ने आवाजहरु धेरै सहयोगी निकायहरुबाट आएको छ । बालबालिकाहरुसँग सम्बन्धित कुरा जस्तै बालविवाह, बालश्रम, बालहिंसा जस्ता विषयमा धेरैलाई जानकारी भएको छ ।

***समाजः बालमैत्री पालिका घोषणका लागि कुन क्षेत्र बढी चुनौतिपूर्ण छ ?***

**ढुंगाना**: हेटौंडा उपमहानगरपालिकाका सबै क्षेत्रहरुको भौगोलिक अवस्था समान छैन । कुनै क्षेत्र सुगम र कुनै क्षेत्र दुर्गम छ । तर समस्या दुर्गम मात्र नभएर मुख्य समस्या केन्द्रमा रहेको छ । समस्या जतातत्तै छन् ।

***समाजः बालमैत्री पालिका घोषणाका लागि कुन कुन निकायहरुले सहयोग गरेको छ ?***

**ढुंगाना**: बालमैत्री पालिका घोषणका लागि सरोकारवाला सबै निकायले आआफ्नो ठाउँबाट सहयोग गर्नु पर्दछ । जस्तै बालमैत्री स्थानीय शासन घोषणाको ५१ वटा सूचकहरु मध्ये ११ वटा प्रत्यक्षरुपमा स्वास्थ्यले हेर्नुपर्ने हुन्छ भने अप्रत्यक्ष रुपमा १६ वटा हेर्छ । यस्तै शिक्षा, सामाजिक निकायहरु र संस्थागत सूचकहरु पनि रहेका छन् । सबै यस्ता संस्थाहरुसँग र स्थानीय जनमानसबाट विभिन्न सहयोग पाइरहेका छौं ।

***समाजः बालबालिकाहरु कतिको शोषणमा परेको पाउनुभयो ?***

**ढुंगाना**: स्थिति सोचेको भन्दा पनि धेरै गम्भीर पायौं । उपमहानगर भित्र त बालविवाह हुँदैन, बालश्रम हुँदैन भन्ने लागेको थियो । तर, पढे, लेखेका परिवार भित्रको बालबालिकाहरु बालश्रममा लागेको भेटियो । पढे, लेखेका भाइ-बहिनीहरुले बालविवाह गरेको भट्यौं । समस्या के हो भनेर बुझ्दा यो आर्थिक कारणले मात्र नभएर अभिभावक आफैं पनि मुख्य कारण जस्तो लागेको छ । अभिभावकले आफ्ना बालबालिकालाई समय नदिएको, बेवास्ता गरेको हुनाले यो समस्याको समाधान गर्न जटिल छ ।

**समाजः हेटौंडा उपमहानगरपालिकाले बालमैत्री स्थानीय शासन घोषणा कहिले गर्ने लक्ष्य राखेको छ ?**

**ढुंगाना**: हामी मितिमा भन्दा पनि यसको प्रभावकारितामा बढि जोड गर्दैछौं । यसको गतिशीलता कति छिटो हुन्छ त्यतिनै चाँडो काम सकिन्छ । नगरपालिकाको लक्ष्य चाहि मसिंर मसान्तसम्म राखेका छ ।

# संघीय सरकारको ध्यानाकर्षण गराउन मुख्यमन्त्रीलाई पत्र


*मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई ध्यानाकर्षणपत्र बुझाउँदै प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष अञ्जली थापा ।*

समाज संवाददाता

हेटौंडाः संघीय सरकारको ध्यानाकर्षण गराउन प्रेस सेन्टर मकवानपुरले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई ध्यानाकर्षणपत्र बुझाएको छ। प्रेस सेन्टरले उठाउँदै आएका मागहरूका सन्दर्भमा नेपाल सरकारलाई ध्यानाकर्षण गराउन मुख्यमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको हो । प्रेस सेन्टर मकवानपुरले बुधबार बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई १४ बुँदे ध्यानाकर्षणपत्र बुझाएको हो ।

समानुपातिक विज्ञापन नीति ल्याएको भन्दै सरकारलाई धन्यवाद दिएको प्रेस सेन्टरले समानुपातिक विज्ञापन नीति तत्काल कार्यान्वयन गर्न माग गरेको छ। सेन्टरले अनलाइन सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने संघीय सरकारको निर्णय कार्यान्वयनका लागि प्रदेश सरकारमार्फत पहल गरिदिन भनेको छ । भ्रष्टाचार विरुद्धको अभियानमा सरकारलाई पछि नहट्न अनुरोध गरेको सेन्टरले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गर्न मिडिया काउन्सिल तथा आमसञ्चार माध्यमसँग सम्बन्धित अन्य कानुनहरु यथाशिघ्र प्रक्रियागत हिसाबले अगाडि बढाउन पनि माग गरेको छ । न्युनतम पारिश्रमिक निर्धारण समितिलाई अनुगमनको समेत जिम्मेवारी दिँदै अझ बलियो र प्रभावकारी बनाउन पत्रमा उल्लेख गरिएको छ ।

श्रमजीवि पत्रकारलाई सामाजिक सुरक्षा कार्यक्रममा समेट्ने गरी प्रभावकारी नीति बनाउन पनि सरकारसँग सेन्टरले माग गरेको छ । सञ्चारमाध्यम एउटै निकायमा दर्ता भई सञ्चालन हुने व्यवस्था मिलाउन, आमसञ्चार प्रशिक्षण प्रतिष्ठान तत्काल गठन गर्नका लागि सरकारसँग आग्रह गरिएको छ ।

# सहकारीको हेटौंडा घोषणापत्र जारी

समाज संवाददाता

**हेटौंडाः मंगलबारदेखि सुरु भएको सहकारी क्षेत्रमा देखिएका समस्या र निराकरण विषयक प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठीले ९ बुँदे घोषणापत्र सार्वजनिक गरेको छ। बागमती प्रदेश सहकारी विकास बोर्डको आयोजनामा भएको राष्ट्रिय, प्रदेश र जिल्लास्तरीय संघहरुको सहभागितामा भएको गोष्ठीबाट जारी गरिएको ९ बुँदे संयुक्त हेटौंडा प्रतिबद्धतापत्र बुधबार सार्वजनिक गरिएको हो।**

**सहकारी संघसंस्थाहरुले आफ्ना सदस्यहरुको लागि आर्थिक वर्ष २०८०/०८१ लाई ‘सदस्य जागरण वर्ष’को रुपमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गराउने, प्रदेश सहकारी नीति निर्माणमा बागमती प्रदेश सरकारलाई सबै संघहरुले सहयोग गर्ने र यस वर्ष बागमती प्रदेश सहकारी नीति तर्जुमा गर्ने बताइएको छ। बागमती प्रदेश सरकार, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले बागमती प्रदेशभित्रका सहकारीहरुको वास्तविक अवस्थाको जानकारी प्राप्त गर्नेगरी सबै सहकारीहरुको वस्तुगत विवरणसहितको तथ्यांकहरु संकलन गरी प्रकाशन गर्ने, संघीय सहकारी ऐन, नियमावली र बागमती प्रदेश सहकारी ऐन, नियमावलीबीचमा देखिएका दोहोरोपन हटाउन ऐन नियमावलीहरु अभियानको सुझावका आधारमा आवश्यक्ता अनुसार संशोधन गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ।**

**भविष्यमा सहकारी अभियानमा थप क्षति हुन नदिन सबै सहकारी संस्थाहरुलाई सहकारी संघहरु, सहकारी बैंकले विकास गरेको सुशासन, दिगोपन विकास र स्वःनियमनका कार्यक्रमहरुमा अनिवार्य समावेश गराउँदै लैजाने, सहकारी संस्थाहरुलाई उत्पादन तथा बजारीकरणका आधारमा अनुदान र उनीहरुको सीप विकासका लागि आवश्यक तालिम कार्यक्रमहरुको व्यवस्था मन्त्रालयले मिलाउने, बागमती प्रदेशभित्रका सबै सहकारी संघहरुको संस्थागत विकासका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाइएको छ। एलएस बागमती प्रदेश सरकारले तयार गरेको सहकारी संघसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षणसम्बन्धी मापदण्ड २०७९ पूर्णरुपमा कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ।**

**सहकारी अभियानको पुँजीको संरक्षण गर्ने दायित्व अभियान र मन्त्रालय दुबैको हो। सहकारी अभियान र मन्त्रालय सदस्यहरुको सम्पूर्ण बचतकर्ताहरुको बचत पूर्ण सुरक्षाका लागि प्रतिबद्धता जाहेर गर्दछौं र सहकारी संस्थाहरुलाई कानुनी व्यवस्थाबमोजिम स्व–नियमनमा सञ्चालन गर्ने गराउन प्रतिवद्धता व्यक्त गरिएको छ। बागमती प्रदेश सहकारी विकास बोर्ड उपाध्यक्ष नारायणप्रसाद देवकोटाको सभाध्यक्षमा भएको कार्यक्रम ९ बुँदे घोषणापत्र सार्वजनिक गर्दै समापन गरिएको छ। बागमती प्रदेश सरकार पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयका सचिव गोविन्दप्रसाद रिजालको प्रमुख आतिथ्य रहेको थियो।**

## देव–मानवको...

जस्तो क्रमिक विकासको सापेक्ष परिघटना थिएन । बरु लिन मार्गुलिसले भने जस्तो क्रमभंग र क्रान्तिको निरपेक्ष परिघटना थियो । ‘श्रमका कारणले’ व्यक्ति-प्रविधि जन्मिएका थिएनन्, उद्विकासमा आएको छलाङका कारणले जन्मिएका थिए। आफ्नो जन्मको लागि व्यक्ति-प्रविधि स्वयं कार्य, स्वयं कारण थिए ।

व्यक्ति-प्रविधि संयुक्त जन्मिए। यता व्यक्तिले प्रविधिको केवल परिमार्जन गरिरहेको छ । प्रविधि परिमार्जनको यो लामो यात्रा, मात्रात्मक विकासमा चलिरहेको थियो । यसमा लगभग आधा शताब्दी अघि क्रान्ति भयो। हिजोसम्मको प्रविधि हार्डवेयर आधारित थियो। त्यसमा सफ्टवेयर प्रविधि थपियो । हिजोसम्मको प्रविधि गणितीय थियो। त्यसमा अगणितीय प्रविधि थपियो । फरक यत्ति हो ।

कुनै प्रविधि यस्तो छैन, जसले सुख र दुःखलाई संयुक्त नजन्माएको होस् । जस्तो कि आगो बाल्ने सीप मात्रैले पनि मानिसलाई लाभ र हानि दुवै गरेको छ। प्लास्टिक आविष्कारले जनजीवन सजिलो भयो होला, तर यही नै प्रदूषणको कारक पनि हो ।

गाडीको आविष्कारले यात्रा गर्न सजिलो भयो होला, तर यही दुर्घटनाको कारक हो। हाइड्रोलिक प्रविधिमा आधारित डोजरको आविष्कारले निर्माण कार्य सजिलो भयो होला तर यही नै पर्यावरण विनाश र पहिरोको कारक हो। यस्तै च्याट-जीपीटी वा अन्य प्रकारका अगणितीय प्रविधिले पनि सुख र दुःख दुवै ल्याउने छन् ।

मानव जातिको गुण नै यस्तो छ कि यो सुख र दुःखको चक्रमा बाँधिएको छ । जतिसुकै तीक्ष्ण बुद्धि होस्, जतिसुकै चमत्कारी यन्त्र बनाओस्, मानिसको जीवनमा सुख र दुःख संयुक्त प्रकट हुन्छन्। यसलाई टुर्क्याउन सम्भवै छैन। यही कारण भौतिक प्रविधिको संगतले मानिसलाई कहिल्यै देवता बनाउँदैन। चाहे परम्परागत अर्थमा होस् चाहे आधुनिक अर्थमा ।

दोस्रो, प्रविधि त मानिसले चलाउँदा चल्ने, बन्द गर्दा बन्द हुने चिज हो । त्यसैले प्रविधि स्वयंले कहिल्यै सभ्यता विनास गर्न सक्दैन । मानिसले चाह्यो भने प्रविधिको सहारा लिएर सभ्यता ध्वस्त बनाउन सक्छ। तर प्रविधि स्वयंले कहिल्यै सभ्यता ध्वस्त गर्दैन ।

वास्तवमा आजको प्रविधि-क्रान्ति चमत्कार नै होइन। साँच्चै चमत्कार खोज्ने हो भने जुन दिन जनावर (बाँदर) बाट व्यक्ति-प्रविधि संयुक्त जन्मिए, त्यो परिघटना चमत्कार हो । त्यसपछिका परिघटना विल्कुल मामुली हुन् । अर्थात्, कार्य-कारण सम्बन्धको सीमाभित्रकै हुन्, जसलाई चमत्कार भन्न मिल्दैन ।

**सपना र सन्त्रास**

आजका अगणितीय प्रविधि असल पनि र खराब पनि छैनन्। यी अरु भौतिक वस्तु जस्तै छन्। जसभित्र लाभ र हानि दुवैको संभावना लुकेको छ । यिनीहरुले सुख र दुःख दुवै पैदा गर्दछन्। कुनै एकलाई मात्र छनोट गर्ने विकल्प नै छैन। दुवैलाई स्वीकार गर्ने र गतिशील सन्तुलनमा राख्ने विकल्प मात्र छ। त्यसैले यहाँ असंगत सपना र सन्त्रास फैलाउनुको कुनै अर्थ छैन । बरु यतिबेला हामीले गर्नुपर्ने काम अरू नै छन् ।

नयाँ प्रविधिले मानव जातिको जीवनलाई सुविधापूर्ण बनाउन मद्दत गर्न सक्छ । प्रविधिले पैदा गरेको यो अवसर सदुपयोग गर्ने साझा योजना बनाउनु आजका मानिसको मूल कार्यभार हो। तर आजसम्म प्रविधिलाई सीमित व्यक्ति, कर्पोरेट हाउस र सरकारका लोभ र महत्वाकांक्षा विस्तारमा लगाइएको छ ।

प्रविधिका माध्यमबाट यिनीहरूले गर्न हुने/नहुने सबै काम गरेका छन् । जसका कारण आज विश्वमा विभिन्न खाले संकट देखा परिसकेका छन् । प्रविधिका माध्यमबाट के गर्न हुने र के गर्न नहुने ? यस सम्बन्धी साझा नियम र मूल्यमान्यता बनाउन जरुरी छ । प्रविधिबाट पैदा हुन सक्ने जोखिम न्यूनीकरण योजना बनाउन जरूरी छ ।

यो बुझ्न जरूरी छ कि आजका सफ्टवेयर यन्त्रहरूको अगणितीय उत्तर दिन सक्ने क्षमता स्वयं यन्त्रभित्र पैदा भएको होइन । आजका यन्त्रले त इतिहासदेखि आजसम्मका करोडौं, अरबौं मानिसको ज्ञानभण्डारभित्र छिरेर त्यसको विश्लेषण र प्रशोधन मात्र गरेको हो। यो अथाह ज्ञानभण्डारलाई उपयोग गर्न नदिने हो भने आजका अगणितीय यन्त्र पनि त्यसै बेकाम हुन्छन् ।

यसमा यन्त्र निर्माताको योगदान यत्ति हो कि उनीहरूसँग खास उद्देश्यमा चल्ने सफ्टवेयर निर्माणको सीप छ। यो सीप पनि इतिहासदेखिको ज्ञानको सार नै हो। तैपनि उनीहरुको बौद्धिक सीपको हिस्सालाई वैयक्तिक योगदान मान्न सकिन्छ ।

बाँकी सारा प्राविधिक क्षमता (गणितीय/अगणितीय) मानव जातिको समुच्च ज्ञान सम्पदाको योगफल हो । यसलाई सीमित व्यक्ति, कर्पोरेट हाउस र सरकारको पेवा बन्न दिनुहुँदैन। बरु मानव जातिको साझा हितमा सदुपयोग गर्नुपर्दछ । यसो गरियो भने मात्र मानव सभ्यता थप समुन्नतितिर अघि बढ्न सक्छ । विद्वान्हरूका आजका विमर्श यतातिर केन्द्रित हुन जरूरी छ ।

मस्तिष्कमा चिप्स राख्दैमा मानिसले अलौकिक शक्ति हासिल गरिहाल्दैन। सुख-दुःखको बन्धनबाट छुट्कारा पाउन पनि सक्दैन। सार कुरो, प्रविधि-क्रान्तिले मानिसलाई देवता वा दैत्य बनाउने छैन । बरु यसले मानिसलाई नयाँ अवसर र चुनौतीको मझधारमा खडा गरिदिएको छ। अब के गर्ने ? कुन बाटो पक्रिने ? त्यो केवल मानिसको हातमा छ। *(स्रोतः अनलाईनखबर)*

# विश्वभर ११ करोड १० लाख मानिस विस्थापित

काठमाडौंः युक्रेन र सुडान युद्धका कारण लाखौं मानिसले घर छोड्नुपर्ने अवस्था आएसँगै विश्वभर विस्थापितहरुको संख्या ११ करोड १० लाख पुगेको छ । राष्ट्रसंघको शरणार्थी सम्बन्धी उच्च आयोग युनएचसिआरले यो तथ्यांक सार्वजनिक गरेको हो । गत वर्षमात्रै विश्वभर विभिन्न कारणले १ करोड ९० लाख मानिस विस्थापित भएको युएनएचसिआरको तथ्यांक छ ।

गत वर्ष विस्थापितहरुको संख्या १० करोड ८४ लाख पुगेको थियो । सुडानमा समेत युद्ध भएपछि हाल ११ करोड १० लाख पुगेको राष्ट्रसंघका शरणार्थी मामिला प्रमुख फिलिप्पो ग्रान्डीले बताए। जेनेभामा बुधबार आयोजित पत्रकार सम्मेलनमा उनले भनेका छन, ‘यो तथ्यांक निकै ठूलो हो र जबरजस्ती विस्थापितका लागि बाध्य पारिनु निन्दनीय पनि हो।’ युएनएचसिआरले सार्वजनिक गरेको तथ्यांकमा मुलुकभित्रै र बाहिर विस्थापित हुने दुबैको तथ्यांक राखिएको छ। शरण माग्नेहरुको संख्या ३७ दशमलव ५ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।

यो समस्याको समाधान निकै जटिल रहेको ग्रान्डीको भनाइ छ । ‘हामी निकै बहुध्रुवीय विश्वमा छौं। मानवीय संकटका सवालमा पनि हामीले खुलेर वार्ता गर्ननसक्ने स्थिति भएकाले यसको समाधान कठिन बन्दै गएको छ,’ उनले भने । सन् २०११ मा सिरियाको द्वन्द्वअघि विश्वभर शरणार्थीको संख्या ४ करोड मात्रै थियो । यो संख्या २० वर्षसम्म स्थिर रहेकोमा सिरियाको युद्धपछि शरणार्थीको संख्या बढ्दै गएको हो। ‘द्वन्द्व, यातना, विभेद, हिंसा र जलवायु परिवर्तन जस्ता कारणले शरणार्थी संख्या बढ्दै गएको हो,’ ग्राण्डीले भने। अन्तर्राष्ट्रिय शरणा खोज्ने मध्यमा आधा शरणार्थी सिरिया, युक्रेन र अफगानिस्तानका रहेको युएनएचसिआरको प्रतिवेदन छ ।

सन् २०२२ को अन्त्यसम्म १ करोड १६ लाख युक्रेनी विस्थापित भएका छन् । जसमध्ये ५० लाख ९० हजार देशभित्र र ५० लाख ७० हजार मानिस विदेशमा विस्थापित भएका छन् । शरणार्थीको संख्या बढ्दै जाँदा विभिन्न मुलुकले कडा नियम ल्याउनेक्रम बढेकोप्रति चिन्ता प्रकट गरेका छन् । युरोपियन युनियनका मुलुक पोल्याण्ड, हंगेरीले मुस्लिम तथा मध्यपूर्वी मुलुकका शरणार्थी अस्वीकार गर्ने बताएका छन् । बेलायतले पनि नयाँ कानुन ल्याएर सानो डुंगामा आउनेहरुलाई शरण नदिने भएको छ भने अस्ट्रेलियाले पनि कडा नियम ल्याएको छ । स्रोतः अनलाइनखबर ।

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं ।
बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं ।
समृद्ध समाज राष्ट्रिय दैनिक

स्वादिष्ट नेवारी खाजा


अब होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

# दोस्रो विजय युथ गोल्डकप फुटबल प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको विजय युथ क्लबको आयोजनामा दोस्रो संस्करणको विजय युथ गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ । आगामी असार ५ गते मंगलबारबाट हेटौंडा–५ स्थित पिप्ले–क्याम्पा रंगशालामा प्रतियोगिता हुने क्लबका अध्यक्ष सुदीप राजबाहकले जानकारी दिनुभयो ।

प्रतियोगितामा मकवानपुर जिल्लाभित्रका फुटबल क्लबहरुले मात्र सहभागिता जनाउने अध्यक्ष राजबाहकले बताउनुभयो । प्रतियोगितामा सहभागी जनाउन शुक्रबारसम्म टिम दर्ता गर्न सकिने उहाँले जानकारी दिनुभयो ।

प्रतियोगितामा जिल्लाभित्रका करिब १६ क्लब सहभागी हुने अनुमान गरिएको उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी हुने टिम संख्याको टुङ्गो लागेपछि फाइनल खेलको मिति टुङ्ग्याउने उहाँले बताउनुभयो ।

प्रतियोगिताको विजेताले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने जनाइएको छ । यस्तै, उपविजेता टिमले १ लाख रुपैयाँ प्राप्त गर्ने जनाइएको छ । विधागत उत्कृष्ट खेलाडीहरुलाई पनि पुरस्कारको व्यवस्था गरिएको अध्यक्ष राजबाहकले बताउनुभयो ।

# विश्व रक्तदाता दिवसमा ६३ जनाद्वारा रक्तदान



रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौंडाः विश्व रक्तदाता दिवस (जुन १४) को दिन बुधबार हेटौंडाका दुई स्थानमा रक्तदान कार्यक्रम भएको छ । दुई स्थानमा भएको रक्तदान कार्यक्रममा ६३ जनाले रक्तदान गरेका छन् । नेपाल रेडक्रस सोसाइटी पशुपतिनगर उपशाखा हेटौंडा–९ ले आयोजना गरेको रक्तदान कार्यक्रममा १८ जनाले रक्तदान गरेका छन् भने मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले आयोजना गरेको रक्तदान कार्यक्रममा ४५ जनाले रक्तदान गरेका छन् ।

मानव रगतको समूह पत्ता लगाउने वैज्ञानिक डा. कार्ल ल्याण्डस्टाइनरको जन्मदिन जुन १४ को अवसर पारेर हरेक वर्ष विश्व रक्तदाता दिवस मनाइन्छ । “नियमितरुपमा रगत तथा प्लाज्मा दान गरौं, जीवन बचाउने कार्यमा हातेमालो गरौं” भन्ने नाराका साथ यस वर्षको रक्तदाता दिवस मनाइएको हो । नेपाल रेडक्रस सोसाइटीले २०२३ साल साउन १२ गतेदेखि रक्तसञ्चार सेवा सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरका सभापति लालबहादुर थापाको प्रमुख आतिथ्य तथा उपशाखा सभापति जनक लम्सालको सभापतित्वको रक्तदान कार्यक्रम भएको हो । कार्यक्रममा जिल्ला शाखाका उपसभापति खेमराज सापकोटा, यशोदा श्रेष्ठ, मन्त्री सुमित्रा काफ्ले, सदस्य गोकर्ण सुवेदीलगायत उपशाखा समितिका सदस्यहरुको उपस्थिति रहेको थियो ।


## एक विद्यालय एक नर्स कार्यक्रम सम्बन्धी जानकारी

विद्यालय तहमा नै विद्यार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रवर्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथामबारे जानकारी गराई स्वस्थ जीवनयापन अपनाउन उत्प्रेरित गर्न बागमती प्रदेश सरकारले नमूना स्वास्थ्य प्रवर्धन कार्यक्रमको रुपमा **एक विद्यालय एक नर्स कार्यक्रम** सञ्चालन गरेको छ ।

**विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्य यस प्रकार छन् ।**

- विद्यालयमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाईबारे जानकारी गराउने र प्रोत्साहित गर्ने,
- विद्यालयमा पत्रु खाना (Junk Food) निरुत्साहित गर्ने,
- यौन तथा प्रजनन्, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने,
- विद्यालय नर्स तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने,
- विद्यार्थी, शिक्षक, कर्मचारी, परिवार एवं समुदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने,
- सर्ने तथा नसर्ने रोगहरुको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
हेटौंडा, मकवानपुर, नेपाल


# २ बालश्रमिकको उद्दार



समाज संवाददाता

हेटौंडाः बालश्रमिक उद्दार तथा पुनर्स्थापना उपसमितिको आयोजनामा हेटौंडा उपमहानगरपालिकाको ४ नम्बर वडामा वर्कशप र रेष्टुरेन्टमा संयुक्त अनुगमन तथा निरीक्षण गरिएको छ । बुधबार प्लान नेपाल, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, पत्रकार, वडा बालसहजकर्ता र कम्युनिटी एक्सन सेन्टर नेपालले संयुक्तरुपमा गरेको निरीक्षणमा हेटौंडा–४ बाट २ बालश्रमिकको उद्दार गरिएको छ ।

हेटौंडा–४ स्थित सेभेन एड सिक्स वर्कशपबाट आन्दाजी १५ वर्षीय बालकको उद्दार गरिएको छ । वीरगञ्ज घर भएका ती बालकले कक्षा–४ मा पढ्दापढ्दै बीचैमा पढाई छोडेको बताइएका छन् । काम गर्न आएको करिब आधा महिना भएको बताइएको छ ।

बालकले दैनिक ९ घण्टा काम गर्ने गरेको बताएका छन् । बिना सम्झौता काममा राखिएको बताउँदै वर्कशपका सञ्चालक समीर हुसेनले बालकलाई पारिश्रमिक नदिने गरी काममा लगाएको स्वीकारेका छन् ।

सोही ठाउँमा रहेको समीर वर्कशपबाट आन्दाजी १४ वर्षीय अर्को बालकको पनि उद्दार गरिएको छ । वीरगञ्जकै ती बालकले कक्षा–३ पढ्दापढ्दै पढाई छोडेको बताएका छन् । करिब २ हप्तादेखि कार्यरत बालकलाई बिना पारिश्रमिक राखिएको उक्त वर्कशपका सञ्चालक समीर आलामले स्वीकार्नुभयो ।

ग्यालेक्सी होटल तथा रेष्टुरेन्टमा १७ वर्षीय बालक कार्यरत रहेको पाइएको छ । बालकलाई बाबुआमाको जिम्मा लगाउन अनुगमन टोलीले आग्रह गरेको छ । यस्तै, एक किशोरी पनि कार्यरत रहेको तर जन्मदर्ता यकिन हुन नसकेको बताइएको छ । अनुगमन टोलीले जन्मदर्ता झिकाउन आग्रह गरेको छ । ९ घण्टा काम गर्ने गरेको र ११ हजार पारिश्रमिक पाउने गरेको बताइएको छ । मकवानपुरका ती किशोरीले कक्षा–९ मा पढ्दापढ्दै पढाई छोडेको बताएकी छिन् । यसअघि उद्दार गरिका २ बालकलाई अभिभावकको जिम्मा बाल हेल्पलाइनले जानकारी दिएको छ । एक बालकको भने अभिभावक सम्पर्कमा नआएको बताइएको छ । उद्दार गरिएका बालकलाई बाल हेल्पलाइमा राखिएको छ ।

# ट्रकले ठक्कर दिँदा बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका–४, ग्याल्थुङमा आईचर ट्रकले ठक्कर दिँदा बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा बराम्चे बस्ने श्यामबहादुर तामाङको ८ वर्षीय छोरा कोसनिस तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार मेलम्ची–हेलम्बु सडकखण्डमा बा ४ ख ८७ नम्बरको निलो आईचर ट्रक ब्याक गर्ने क्रममा ठक्कर दिँदा तामाङ घाइते भएका थिए । घाइते तामाङलाई उपचारका लागि मेलम्ची नगर अस्पताल लगिएकोमा उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।


## हाम्रो सुमो सेवा–२ को
## काउन्टर सरेको जरुरी सूचना



हेटौंडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौंडा-४, अजरअमररोडबाट हेटौंडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ । नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइनः ९८५५०-७२२८८**



## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
## QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि


# बक्सिङका ६० जना खेलाडी नियमित प्रशिक्षणमा



प्रशिक्षणमा सहभागी खेलाडी र प्रशिक्षक ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपलिका–४ स्थित बहुउद्देश्यीय कभर्ड हलमा ६० जना बक्सिङ खेलाडी नियमित प्रशिक्षणमा सहभागी छन् । प्रशिक्षक लालबहादुर पौडेलले बिहान र साँझ गरी दुई चरणमा प्रशिक्षण दिइरहनुभएको छ । बिहान ३८ जना र बेलुका २२ जना खेलाडी प्रशिक्षणमा सहभागी रहेको प्रशिक्षक पौडेलले बताउनुभएको छ ।

हेटौंडाको बसामाडी, हटिया, कमाने, नयाँवस्ती, चौकीटोल, मानसचोक, पिप्लेका खेलाडीहरु बक्सिङ सिक्न आउने गरेको लाला पौडेलले जानकारी दिनु भएको छ । दोस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा भाग लिने खेलाडीहरु ५ जना र बाँकी ५५ जना नयाँ खेलाडी रहेको प्रशिक्षक पौडेलले बताउनु भएको छ ।

साताको ६ दिन मात्र ट्रेनिङ हुने र प्रत्येक दिन ट्रेनिङको तालिका फरक–फरक तरिकाले गराउने गरेको पौडेलले बताउनुभयो । बक्सिङ कार्डियो, हिट ट्रेनिङ, सर्किट ट्रेनिङ, टेक्निकल ट्रेनिङ, कन्ट्रोल स्पायरिङ, फुल स्पायरिङ ट्रेनिङ गराउने उहाँले बताउनु भयो । आत्मरक्षाका लागि, शरीरलाई फूर्तिलो बनाउनका लागि र विभिन्न प्रतियोगितामा भाग लिई आफुलाई चाँडै खेलकुदमा पहिचान बनाउन चहानेहरुका लागि पनि बक्सिङ खेल उत्कृष्ट रहेको प्रशिक्षक पौडेलको भनाइ छ । असार तेस्रो साता प्रतियोगिता हुनसक्ने र प्रतियोगिता काठमाडौंमा हुनेछ ।

# हावाहुरीले हटिया–हर्नामाडीमा क्षति



हेटौंडा-१८, हर्नामाडीस्थित ज्योति माविको हुरीले छाना उडाएको भवन ।

समाज संवाददाता

हेटौंडाः मंगलबार रातीको हावाहुरीले हेटौंडा-१७ हटिया र हेटौंडा-१८ हर्नामाडीमा क्षति पुऱ्याएको छ । घरको जस्तापाता उडाएको छ भने विद्युतका पोलहरु पनि ढलाएको छ । राती करिब साढे १२ बजेको समयमा आएको हुरीको एक झोक्काले घरको जस्ता र विजुलीका पोलमा क्षति पुऱ्याएको स्थानीय आलोक श्रेष्ठले जानकारी दिनुभयो ।

हेटौंडा-१७, नेपालचौरमा निर्माणाधिक भलिबलको कोर्टमा क्षति पुऱ्याएको छ । हेटौंडा-१८, हर्नामाडीस्थित ज्योति माविको भवनको छानो उडाएको छ । मकैबालीमा पनि क्षति पुऱ्याएको स्थानीयले जनाएको छ ।


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ